नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

दुङ्गे, नुवाकोट

(कार्यक्षेत्रः नुवाकोट र रसुवा जिल्ला)

फोन नं.: ०१०-५६०२१६

इमेल :pmamp.piu.nuwakot@gmail.com

वेबसाइट: piunuwakot.pmamp.gov.np

प.सं. २०८२/८३

सू.नं. ११

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२३

**मासु निर्यात अभिवृद्धिका लागि राँगा/भैसी प्रवर्द्धन कार्यक्रम संचालनका लागी प्रस्ताव आव्हान सम्वन्धी सूचना।**

राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोटको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल वमोजिमको **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन** कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक पशुपालन गर्ने उद्देश्यले कानून बमोजिम दर्ता भएका निजी फर्म, उद्यमी, समुह, सहकारी तथा कम्पनीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन भित्र अर्थात (मिति २०८२/८/१४ भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइ मा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ ।

तपसिल

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| मासु निर्यात अभिवृद्धिका लागि राँगा वा भैसी प्रवर्द्धन कार्यक्रम | समूह, सहकारी, फर्म र कम्पनी | नुवाकोट र रसुवा जिल्लाभरी | मासु निर्यात अभिवृद्धिका **लागि राँगा वा भैसी प्रवर्द्धन** कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ३ मा उल्लेख भए बमोजिम | कुल लागत अनुमानको बढीमा पचास प्रतिशत अनुदान रकम अनुदान उपलब्ध गराईनेछ। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(३) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(४) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

विस्तृत जानकारीका लागी सम्पर्क नं.

कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोट ०१०५६०२१६, जोन प्राविधिक एकाइ, रसुवा ०१०५४००६३, जोन सम्पर्क कार्यालय लिखु-६ ९८४३४७९५२२, सूचना अधिकारी-९८५११०५८५६, सुदिप रानामगर ९८६०००४४३८

अनुसूचि २ र ३ को ढाँचा कार्यक्रम कार्यान्वयन एकाइ, नुवाकोटको वेवसाइट www.piunuwakot.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

रविन्द्र पौडेल

वरिष्ठ कृषि अधिकृत